# मानमिन समाचार


अंक १६ जुन २९,२०१४


# ल्याटिन अमेरिकामा मानमिनको सेवाकाइले पुस्तकहरू, प्रसारण सेवा र रुमालको शक्तिद्वारा प्रशस्त फलहरू फलाएको छ !








































तस्वीरहरू १, २: डा. जेरक लीको होण्डुरस संयुक्त क्रूसेड २००२, ल्याटिन अमेरिकाको सेवकाइलाई प्रज्ज्वलित पार्दै, तस्वीर ३: राष्ट्रपतीय भवनमा, पेरुको राष्ट्रपतिसित, तस्वीर ४, ५: डा. जेरक लीको पेरु संयुक्त क्रूसेड, तस्वीरहरू ६-१०: विभिन्न रोग र दुर्वलताहरूबाट निको भएका मानिसहरू, तस्वीरहरू ११-१३: अप्रिल, २०१४ मा पेरु र कोलम्बियामा आयोजित रेभ. हिसन लीका रुमालको चङ्गाइसभाहरू

मानमिन केन्द्रिय चर्चको विश्वभरि लगभग १०,००० शाखा र सहयोगी चर्चहरू रहेका छन् । यस चर्चले प्रसारण सेवा र रुमालको शक्तिद्वारा ल्याटिन अमेरिकामा सक्रिय रूपले आफ्नो सेवकाइलाई अगाडि बढाइरहेको छ ।

सिनियर पास्टर डा.जेरक लीलाई सन् १९९६ मा स्थानीय पास्टरहरूको एउटा सेमिनार ‘कोरियनहरूका लागि आशिष्को क्रूसेड’ को निम्ति अर्जेन्टिनामा निम्तो दिइएको थियो । त्यसपछि, सन् १९९७ मा फेरि अर्जेन्टिनामा स्थानीयवासीहरूको निम्ति आयोजित जागृति सभा र पास्टरहरूको सेमिनारमा उहाँलाई निम्त्याइएको थियो । सन् २००२ मा उहाँ संयुक्त क्रूसेडको लागि होण्डुरस जानुभयो र सन् २००४ मा पेरु संयुक्त क्रूसेडका लागि पेरु जानुभयो । क्रूसेडहरूमा चिन्हहरू, आश्चर्यकर्महरू र परमेश्वरका धेरै शक्तिशाली कार्यहरू प्रकट गर्नभएर डा.लीले परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ र येशू ख्रीष्ट हाम्रो एक मात्र मुक्तिदाता हुनुहुन्छ भनी घोषणा गर्नभएको छ ।

विशेष गरी बिरामीहरूका लागि डा. जेरक लीले गरिदिनुभएको प्रार्थनाद्वारा, धेरै मानिसहरूले एड्स र क्यान्सर लगायतका अन्य विभिन्न प्रकारका रोगहरूबाट छुटकारा पाउनुभएको छ । दृष्टिविहीनहरूले देख्न सक्नुभयो । हिँड्न नसक्ने व्यक्तिहरू लौरो फालेर हिँड्न थाल्नुभयो र व्हील चेयरबाट खडा हुन सक्नुभयो । उहाँहरू हिँड्नुभयो र उफ्रनुभयो, अनि उहाँहरूद्वारा परमेश्वरको ठूलो महिमा भयो ।

त्यसबेलादेखि ल्याटिन अमेरिकाका पेरु र कोलम्बिया जस्ता देशहरूमा रहेका यस चर्चका शाखा र सहयोगी चर्चहरूमा निरन्तर रूपमा रुमालको चङ्गाइ प्रार्थना सभाहरू हुँदै आएका छन् । थपअझ, स्पेनिश भाषा बोल्ने देशहरूमा प्रसारण सेवामा अग्रस्थानमा रहेको इनलासे टि.भी र होन्डुरसको जे.बि.एन मा प्रसारण हुने डा. लीका प्रवचनहरू र शक्तिशाली कार्यहरूका कारण धेरै मानिसहरूले जीवित परमेश्वरलाई भेट्न पाउनुभएको छ ।

डा. जेरक लीको वचन नियमित रूपमा प्रसारण हुन्छ । अझ आइतबार बिहान प्रसारण हुने डा.लीको “जीवनको वचन” ले पास्टरहरूबाट निकै सकारात्मक प्रतिक्रियाहरू पाएको छ । त्यस कार्यक्रमबाट अनुग्रह पाउनुभएका इनलासेका दर्शकहरूले इन्टरनेट मार्फत् मानमिन केन्द्रिय चर्चमा दर्ता गराउनुभएको छ र खुशीसाथ इसाई जीवन जिइरहनुभएको छ ।

साथै, डा. जेरक लीका पुस्तकहरू स्पेनिश र पोर्चुगिज भाषामा प्रकाशित भई अमेरिकाको नेभा भिडा र ब्राजिलको नेवोस्द्वारा वितरण हुँदै आएका छन् ।

सन् २०१४ अप्रिल ३ मा पास्टर लाजरस लीले सेवकाइ गर्नहुने पेरु मानमिन चर्चमा मानमिन वर्ल्ड गाइडेन्स पास्टर रेभ. हिसन लीले शक्तिको रुमाल(हेर्नहोस् : प्रेरित १९:११-१२) को साथमा चङ्गाइ सभामा अगुवाइ गर्नभयो । चर्च भवनभित्र मानिसहरू ठूलो सङ्ख्यामा भेला हुनुभएको थियो र चर्चबाहिर पनि भीड जम्मा भएको थियो । डा.जेरक लीको २००४ पेरु चङ्गाइ क्रूसेड आयोजक समितिको सभापति पास्टर फेलिपे वामानी पनि त्यहाँ उपस्थित हुनुहुन्थ्यो ।

रेभ. हिसन लीले हिब्रू १०:२२ मा आधारित “साँचो विश्वास” शीर्षकमा वचन प्रचार गर्नभयो । सहभागीहरूले प्रार्थनामा सँगसँगै पश्चात्ताप गर्नभयो । त्यसपछि, शक्तिको रुमालका साथमा उहाँको प्रार्थना ग्रहण गर्न लाइनमा प्रतीक्षा गरिरहेका सयौं बिरामीहरूका लागि उहाँले एक-एक गरी प्रार्थना गरिदिनुभयो । अघिल्लो महिनाभरि प्रार्थना र उपवासका साथमा तयारी गर्नभएका चर्चका सदस्यहरूले तत्कालै उत्तरहरू पाउनुभयो र परमेश्वरलाई महिमा दिनुभयो ।

भाइ ग्वीलेरमो डियाज जो २० वर्षदेखि व्हील चेयरको सहायता लिइरहनुभएको थियो आफ्नो व्हील चेयरबाट उठेर हिँड्न थाल्नुभयो । बहिनी फेनित जेनेट डेभिलाको पाठेघरको सिस्ट(पिड्को) निको भयो । भाइ बेन्जामिन सालाजारले कमजोर दृष्टिशक्ति, उच्च रक्तचाप, मधुमेह र फोक्सोको रोगबाट चङ्गाइ पाउनुभयो ।

अप्रिल ५ र ६ तारिखमा, रेभ. लीले कोलम्बिया मानमिन चर्चको वार्षिकोत्सव समारोहमा पनि प्रचार गर्नभयो अनि शक्तिको रुमालका साथ सभालाई अगुवाइ गर्नभयो । इनलासे कोलम्बियाको अध्यक्ष रोसाल्बा रोडरिगेज डि रिनकन अनि भेनेज्वेलाबाट आउनुभएका केही पाष्टर र विश्वासीहरू पनि त्यहाँ उपस्थित हुनुहुन्थ्यो । रेभ. लीको रुमालको प्रार्थनाद्वारा, बहिनी डायना मोरेनोको कमजोर दृष्टिशक्ति निको भयो अनि बहिनी मारिक्सा पेरेजले पाठेघरको सिस्ट(पिड्को) र पिनासबाट चङ्गाइ पाउनुभयो । उहाँहरू बाहेक अन्य धेरै सदस्यहरू पनि निको हुनुभयो र परमेश्वरलाई महिमा दिनुभयो । यी घटनाहरूका कारण ल्याटिन अमेरिकामा पवित्र आत्माका कार्यहरूद्वारा हुने सक्रिय सेवकाइको निम्ति उत्साहजनक अपेक्षा जागृत भएको छ ।

अंक १६ जुन २९,२०१४ मानमिन समाचार

## क्रूसको सन्देश श्रृंखला – (१६)

# क्रूसीकरण (३)

## येशूले आफ्नो रगत र पानी बगाउनुको आत्मिक महत्व



डा. जेरक ली

“जब तिनीहरू येशूकहाँ आए
तिनीहरूले देखे,
कि उहाँको मृत्यु अघि नै भइसकेको रहेछ
र उहाँका खुट्टा भाँचेनन्।
तर सिपाहीहरूमध्ये एक जनाले
उहाँको कोखामा भालाले घोच्यो,
र तुरुन्तै रगत र
पानी निस्क्यो”
(यूहन्ना १९:३३-३४)

येशूको कष्टमा रहेको परमेश्वरको प्रबन्धको ज्ञानले हामीहरू हरेकलाई उहाँको महान् प्रेम बुझ्न सहायता पुऱ्याउनेछ र ख्रीष्टमा अझ बढी समर्पित जीवन जिउन शक्ति प्रदान गर्नेछ। यस संस्करणमा, येशूको खुट्टा नभाँचिनु र उहाँले आफ्ना सम्पूर्ण रगत र पानी बगाउनुको आत्मिक महत्व बारे व्याख्या गर्नेछ।

### १. येशूको खुट्टा नभाँचिनुमा रहेको परमेश्वरको प्रबन्ध

सबैभन्दा क्रूर दण्ड क्रूसमा केही घण्टासम्म भोगेपछि, अन्ततः येशूले आफ्नो प्राण त्याग्नु भयो। क्रूसमा उहाँको मृत्यु शुक्रबार को दिन भएको थियो र त्यसको भोलीपल्ट शबाथ दिन थियो, जुन यहूदीहरूले पवित्र राख्दथे, त्यसैले येशूको शरीर क्रूसमा झुण्डचाइ राख्नु हुँदैन थियो। त्यसकारणले गर्दा यहूदीहरूले क्रूसमा झुण्डचाइएका अपराधीहरूको मृत शरीरहरूलाई हटाउन पिलातससित अनुरोध गरे (यूहन्ना १९:३१)।

रोमी सेनाहरूले येशूको दुबै छेउमा रहेका अपराधीहरूका मृत शरीर तिनीहरूका खुट्टा भाँचेर हटाए। क्रूसमा झुण्डचाइएका अपराधीहरूका खुट्टा भाँचिदिँदा तिनीहरूको मृत्यु चाँडो हुने गर्दथ्यो किनभने त्यसो गर्नाले तिनीहरूले आफ्नो खुट्टाको सहायताले आफ्नो शरीरको भारलाई थाम्न सक्दैनथे। त्यसैले, जब सिपाहीहरूले येशूको मृत्यु अघि नै भइसकेको देखे तब तिनीहरूले उहाँका खुट्टाहरू भाँचेनन्।

भजनसंग्रह ३४:१९-२० मा हामी पाउँदछौं, “धार्मिक मानिसलाई धेरै विपत्ति आइलाग्छन्, तर परमप्रभुले त्यसलाई ती सबैबाट उद्धार दिनुहुन्छ। परमप्रभुले त्यसका सबै हाडहरूको रक्षा गर्नुहुन्छ। तिनमा एउटै पनि भाँचिदैन।” येशूले सबै मानवजातिका पापहरू लिनुभई क्रूसमा मर्नु भएतापनि उहाँ पापी हुनुहुन्न थियो तर दोषरहित, खोटरहित र धार्मिक हुनुहुन्थ्यो, त्यसकारण परमेश्वरले येशूको खुट्टा नभाँचियोस् भनी निश्चित गर्नु भयो।

प्रस्थानको समयमा, परमेश्वरले गन्ती ९:१२ र प्रस्थान १२:४६ मा इस्राएलीहरूलाई भन्नुभयो, “तिनीहरूले थुमा खाऊन् तर त्यसको कुनै हाड पनि नभाँचून्।” बाइबलभरि, “थुमा”ले येशूलाई जनाउँदछ (यूहन्ना १:२९)। त्यसकारण, थुमा जसले स्वयम् येशूलाई जनाउँदछ, त्यो थुमाको हाड नभाँचून् भनी परमेश्वरले आज्ञा दिनुभयो र यही अगमवाणीको वचनअनुसार नै येशूका हाडहरू भाँचिएनन्।

### २. येशूले रगत र पानी बगाउनुको कारण

“तर सिपाहीहरूमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो, र तुरुन्तै रगत र पानी निस्क्यो” भनी हामीले यूहन्ना १९:३४ मा पाएझैं, मृत भइसक्नु भएको येशूको कोखामा एक जना रोमी सिपाहीले भालाले घोच्यो। काँडाको मुकुट पहिरिनुभएर, कोर्राको चोटले घायल भएको उहाँको शरीर र किला ठोकिएका हात र खुट्टाबाट रगत बगेर येशू क्रूसमा टाँगिनु भएको दृश्य बीभत्स थियो। यस दृश्यद्वारा, रोमी सेना जस्ते मानिस वास्तवमा कति दुष्ट छ भनी हामी जान्न सक्छौं, जसले येशू मरिसक्नु भएको छ भनी जान्दाजान्दै पनि, उहाँको कोखामा भालाले घोच्यो।

येशूको कोखामा भालाले घोच्नु अनि उहाँको रगत र पानी बग्नुको आत्मिक अर्थ के हो त?

सर्वप्रथम, यी घटनाहरूले येशू यस संसारमा मानव रूपमा नै आउनुभएको हो भन्ने कुरा प्रमाणित गर्दछन्। यूहन्ना १:१४ ले येशू वास्तवमा को हुनुहुन्छ भनी हामीलाई बताउँछ, “अनि वचन देशधारी हुनुभयो, र हाम्रा बीचमा वास गर्नुभयो......।” अर्को शब्दमा भन्नु पर्दा, परमेश्वर जो आत्मा हुनुहुन्छ, उहाँकै स्वरूपमा अस्तित्वमा हुनुभएको येशू मानव रूप धारण गर्नुभएर यस संसारमा आउनुभयो।

येशू पुरुषको शुक्रकिट र महिलाको अण्डाको मेलबाट होइन तर पवित्र आत्माबाट गर्भधारण हुनुभयो। तरैपनि, उहाँ शरीरमा जन्मनुभएर अन्य मानिसहरूझैं सामान्य रूपमै हुर्कनु भएको कारणले गर्दा, सबै मानवजातिको मुक्तिदाता बन्ने योग्यतालाई येशूले पूरा गर्नु हुन्छ।

“मानवजातिको मुक्तिदाता बन्नका लागि पूरा हुनुपर्ने चारवटा शर्तहरू” मध्ये पहिलोचाहिँ मुक्तिदाता मानिस नै हुनु पर्दछ, अनि अनाज्ञाकारीताको पाप गर्ने आदमको सन्तान हुनु हुँदैन, शत्रु दियाबलसलाई जित्न सक्ने शक्ति हुनु पर्दछ र अरूको लागि आफ्नो जीवन बलिदान गर्न सक्ने प्रेम हुनु पर्दछ।

त्यसकारण, हड्डी र मासुको शरीर लिएर येशू यस संसारमा आउनुभयो- कोर्रा लगाइँदा उहाँले हामीलेझैं पीडा भोग्नुभयो र थकान, तिर्खा अनि भोक सहनुभयो (मत्ती ४:२, यूहन्ना ४:६)। येशू यस संसारमा शरीरमा आउनु भएको तथ्यलाई अझ स्पष्टसित प्रमाणित गर्नका लागि बाइबलले भन्दछ, “तर सिपाहीहरूमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो, र तुरुन्तै रगत र पानी निस्क्यो।”

दोस्रो, यी घटनाहरूले यस तथ्यलाई प्रमाणित गर्दछ कि शरीरमा रहेको मानिस ईश्वरीय स्वभावमा सहभागी हुन सक्दछ। मत्ती ५:४८ मा येशूले हामीलाई भन्नुभएको छ, “यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ,” १ पत्रुस १:१६ मा परमेश्वर स्वयम्ले हामीलाई यो स्मरण गराउनु भएको छ, “तिमीहरू पवित्र होओ, किनभने म पवित्र छु।”

थपअझ, फिलिप्पी २:५ मा, हामीलाई भनिएको छ, “तिमीहरूमा यस्तो मन होस् जो ख्रीष्ट येशूमा पनि थियो,” र २ पत्रुस १:४ ले हामीलाई भन्दछ, “यसैद्वारा उहाँले हामीलाई उहाँको अनमोल र महान् प्रतिज्ञाहरू दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरू ईश्वरीय स्वभावका सहभागी होओ।”

येशू अरू नर र नारीहरू जस्तै शरीरमा हुनु भएतापनि, उहाँले कुनै पनि पाप गर्नु भएन र पवित्र जीवन जिउनु भयो। येशूमा पनि मानिसको स्वभाव भएकोले उहाँले विभिन्न प्रकारका भावनाहरू अनुभव गर्नु भएतापनि, उहाँ केवल सत्यद्वारा मात्रै जिउनु भयो। त्यसै गरी, हाम्रो येशूझैं, हामी पनि पवित्र र सिद्ध बन्न सक्छौं, र येशू ख्रीष्टको हृदय लिएर हामी ईश्वरीय स्वभावमा सहभागी हुन सक्छौं।

प्रभुलाई विश्वास गर्ने, हार्दिकतापूर्वक प्रार्थना गर्ने, र अथक परिश्रम गर्नेले सबै पाप र दुष्टता आफूबाट निकाल्न सक्दछ किनभने उसले निश्चय नै परमेश्वरको अनुग्रह र सामर्थ्यको साथसाथै पवित्र आत्माको सहायता महसूस गर्न र प्राप्त गर्न सक्दछ। हामी मध्ये कसैले पनि यसो भनेर बहाना बनाउन सक्दैनौं, “येशू त परमेश्वरको पुत्र हुनुभएको कारणले गर्दा उहाँले पवित्र जीवन जिउन सक्नुभयो तर म केवल एक मानिस मात्र हुँ, म यस्तो गर्न सक्दिनँ”।

तेस्रो, यी घटनाहरूले हामीलाई यो कुराको प्रमाण दिँदछन् कि येशूको रगत र पानीद्वारा हामीले साँचो जीवन प्राप्त गर्दछौं र अनन्त जीवनको आनन्द लिन सक्छौं। आफूमा मौलिक पाप नभएको र आफैंले कुनै पनि पाप नगर्नुभएको येशूको रगत साँच्चै अमूल्य छ। हाम्रो येशूको यो अमूल्य रगतमा विश्वासद्वारा हामीले हाम्रा पापहरूबाट क्षमा पाउछौं र अनन्तसम्म जिउनेछौं। थपअझ, आत्मिक अर्थमा पानीले “वचन” लाई जनाउँदछ; हामी जति मात्रामा परमेश्वरको वचन सुन्दछौं र यसद्वारा जिउँदछौं, त्यति नै मात्रामा हामी पाप र दुष्टताबाट आफैलाई अलग राख्न सक्छौं र अझ बढी धार्मिक बन्न सक्छौं।

येशूले बगाउनु भएको रगत र पानी सामर्थ्यको रगत र पानी हो जसद्वारा हामी परिवर्तन हुन सक्छौं, र जीवनको पानी र रगत हो जसले हामीलाई मृत्युबाट उद्धार गर्दछ। येशूको कोखामा भालाले घोचको र उहाँले आफ्नो सबै रगत र पानी बगाउनुभएको तथ्यले, येशूको कारण हामीले कसरी क्षमा पाएका छौं र परमेश्वरको वचनअनुसार जिउने सामर्थ्य पाएर हामीले साँचो जीवन प्राप्त गरेका छौं भन्ने कुराको साक्षी दिँदछ।

ख्रीष्टमा प्रिय दाजु भाइ तथा दिदीबहिनीहरू, येशू आफ्नो कष्टको बीचमा पनि आनन्दित हुनुभयो र धन्यवाद दिनुभयो किनभने उहाँको कष्टद्वारा कसरी अनगिन्ती आत्माहरूले मुक्ति प्राप्त गर्नेछन् भन्ने बारेमा उहाँले सोच्नु भयो। हामीलाई बचाउनका लागि येशूले कष्ट भोग्नु भयो र आफ्नो सबै पानी र रगत बगाउनु भयो भनी याद राख्नुहोस्।

तपाईंहरू हरेकले आफ्नो हृदयको गहिराइमा हाम्रो प्रभुको प्रेमलाई बुझ्नुभएको होस्, पाप र दुष्टता आफूबाट चाँडै हटाउनु भएको होस्, परमेश्वरको स्वरूप पुनः प्राप्त गर्नु भएको होस् र महिमित स्वर्गीय राज्यमा अनन्त आनन्द र आशिष् प्राप्त गर्नु भएको होस् भनी म हाम्रो प्रभु येशू ख्रीष्टको नाउँमा प्रार्थना गर्दछु।



# असल र खराबको ज्ञान दिने रूखमा रहेको परमेश्वरको प्रबन्ध र प्रेम

पहिलो मानिस आदम र पहिलो स्त्री हव्वाले खानलाई मनाही गरिएको असल र खराबको ज्ञान दिने रूखको फल खानु भएकोले विनाशको मार्गमा जानुभयो भन्ने कुरा मैले थाहा पाएँ । परमेश्वर सर्वज्ञानी र सर्वशक्तिमान् हुनुहुन्छ, त्यसैले उहाँहरूले त्यस रूखको फल खानुहुनेछ भनी उहाँलाई पहिल्यैबाट थाहा थियो । तरैपनि, उहाँले त्यो रूख त्यहाँ राख्नुभयो । उहाँले त्यसो किन गर्नु भयो ?

केही मानिसहरूले भन्दछन्, "किन परमेश्वरले असल र खराबको ज्ञान दिने रूख राख्नु भयो र आदमलाई मृत्युको मार्ग चुन्न दिनु भयो ?" कतिपयले यसो पनि भन्ने गर्दछन् कि आदमले त्यसबाट खानुहुनेछ भनी परमेश्वरलाई थाहा नभएको हुन सक्छ । तर यो सही होइन ।
आदमले त्यो रूखबाट खानुहुनेछ र पाप गर्नुहुनेछ भनी परमेश्वरलाई पहिल्यैबाट थाहा थियो । त्यसकारण उहाँले सृष्टिभन्दा अघि नै मानव मुक्तिको निम्ति मार्ग तयार गर्नु भएको थियो । उहाँले युगौं अघि नै येशू ख्रीष्टलाई तयार गर्नु भयो ।
असल र खराबको ज्ञान दिने रूखमा रहेको परमेश्वरको प्रबन्ध र प्रेमलाई गहिराइमा हेरौं ।

## आदम र हव्वाले आफ्नो स्वतन्त्र इच्छामा असल र खराबको ज्ञान दिने रूखबाट खानु भएपछि

अदनको बगैंचाको प्रशस्ततामा, पहिलो मानिस आदमले परमेश्वर, आत्मिक क्षेत्र, सत्यता, भलाइ र ज्योति जस्ता विषयहरूका बारेमा धेरै आत्मिक ज्ञान सिक्नु भएको थियो । सबै कुराहरूलाई वशमा राख्नको लागि उहाँलाई पर्याप्त ज्ञान पनि दिइएको थियो । उहाँले सबै प्राणीहरू र सबै थोकहरूलाई तिनीहरूको मालिक बनी अचम्मको ज्ञान र बुद्धिले तिनीहरूमाथि शासन गर्न भयो र धेरै सन्तानहरू प्राप्त गर्नभएर उहाँ वृद्धि हुँदै जानु भयो (उत्पत्ति १:२८, २:१९, ३:१६) । तरैपनि, परमेश्वरले उहाँलाई एउटा कुरा गर्न मनाही गर्न भएको थियो-त्योचाहिँ, बगैंचाको केन्द्रमा रहेको असल र खराबको ज्ञान दिने रूखको फल खानु थियो ।

उत्पत्ति २:१६-१७ ले भन्दछ, "अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, 'बगैंचाका सबै रूखका फल तैंले सङ्कोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तैंले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस् ।'"

परमेश्वरले आदमलाई बनाउनुभयो र स्वतन्त्र इच्छा दिनुभयो जसद्वारा उहाँले स्वतन्त्र रूपमा निर्णय गर्न सक्नुहुन्थ्यो । परमेश्वरले उहाँलाई सँधैको लागि अदनको बगैंचाको प्रशस्ततामा रहन दिनु भयो । तर उहाँ भूमिको माटोबाट बनिनु भएकोले र जीवनको स्वासद्वारा जीवित प्राणी हुनुभएको कारणले गर्दा अनाज्ञाकारी हुनुभएको खण्डमा उहाँले अनन्त जीवन प्राप्त नगर्न सक्नुहुन्थ्यो । उहाँलाई यो कुरा स्मरण गराउनको लागि, परमेश्वरले असल र खराबको ज्ञान दिने रूख राखिदिनु भयो र यसको निम्ति होशियारी गराउनु भयो ।

निकै लामो समयसम्म आदम र हव्वाले परमेश्वरको आज्ञा पालन गरी त्यस रूखबाट खानुभएन । तर समयको बहावसँगै, अन्ततः उहाँहरूले परमेश्वरको आज्ञालाई आफ्नो हृदयमा राख्न सक्नु भएन । हव्वा आफ्नो नजीक रहेको सर्पद्वारा परीक्षामा पर्नु भयो । परीक्षामा परेर, उहाँले स्वेच्छापूर्वक त्यस रूखबाट खानुभयो र त्यो फल आदमलाई पनि दिनु भयो । आदमले पनि त्यो खानु भयो । फलतः उहाँहरू निश्चय नै मर्नुहुनेछ भनी परमेश्वरले भन्नुभएझैं र 'पापको ज्याला मृत्यु हो' (रोमी ६:२३) भन्ने आत्मिक नियम अनुसार उहाँहरूले पापको मूल्य चुकाउनु पर्‍यो ।

परमेश्वरले भन्नुभएको थियो, "जुन दिन तैंले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस् ।" यहाँ 'मृत्यु' ले आत्मा, प्राण र शरीरले बनेको मानिसको मालिक आत्माको मृत्युलाई जनाउँदछ । साथै, आत्माको मृत्यु हुनु भनेको त्यसको अस्तित्व लोप भएर जानु भन्ने होइन, तर यसको अर्थचाहिँ परमेश्वरसितको संचार विच्छेद हुनु हो र यसले गर्दा आत्माले आफ्नो मौलिक भूमिका निर्वाह गर्न सक्दैन । अनि यदि आत्मा मर्दछ भने मृत्युको सामना गरेर उसको शरीर पनि नष्ट हुन्छ ।

आदमको अनाज्ञाकारिताको कारणले गर्दा उहाँ श्रापित बन्नु भयो । थपअझ, यसले गर्दा उहाँका सन्तानहरु पापी बने र विनाशतिर गए । साथै आदमको अधीनमा पृथ्वीमा रहेका सबै प्राणीहरू पनि श्रापित भए, जसले गर्दा उहाँले परिश्रम गरेर भूमिलाई खनजोत गरी खानु पर्ने भयो (उत्पत्ति ३:१७) । श्रापित भूमिमा नयाँ रोगहरू र हानिकारक जीवित प्राणीहरू देखा परे । शैतानद्वारा ल्याइएका कष्ट र परीक्षाहरूबाट मानिसहरू पीडित बने । सर्प अरू वन्य पशुहरू भन्दा बढी श्रापित भयो र पेटले घस्रेर हिँड्नु पर्ने भयो (उत्पत्ति ३:१४) ।

## हामीलाई सापेक्षता अनुभव गर्न दिनुभएर साँचो खुशी दिनुहुने परमेश्वरको प्रेम

त्यसोभए, किन परमेश्वरले असल र खराबको ज्ञान दिने रूख अदनको बगैंचामा राख्नु भयो त ? योचाहिँ हामीलाई साँचो खुशी दिनलाई हो । आदम बस्नु हुने अदनको बगैंचा साह्रै नै सुन्दर र शान्तिपूर्ण स्थान थियो, जहाँ कुनै कुराको अभाव थिएन, तर उहाँले साँचो आनन्द महसूस गर्न सक्नु भएको थिएन । किनभने उहाँले कहिल्यै पनि दुःख भोग्नु भएको थिएन । उहाँले कहिल्यै पनि रोग, मृत्यु, वा दुर्घटनाको सामना गर्नु भएको थिएन अनि शोक र कष्टलाई पनि कहिल्यै महसूस गर्नु भएको थिएन । वियोग वास्तवमा के हो भनी उहाँले जान्नु भएको थिएन किनभने त्यहाँ मृत्यु थिएन ।

मानिसहरूले कुनै पनि कुराको साँचो मूल्य तब जान्दछन् जब तिनीहरूले यसको विपरित गुणलाई महसूस गर्दछन् र ती कुराहरु बीचको सापेक्षतालाई अनुभव गर्दछन् । साधारणतया, धेरै कठिनाइहरूमा हुँदा हामीले साँचो खुशीलाई महसूस गर्न सक्छौं । रोगबाट ग्रसित हुँदा, हामी हृदयको गहिराइदेखि स्वास्थ्यको महत्व थाहा पाउँदछौं र धन्यवाद दिन सक्छौं । हामी भोकाएपछि नै प्रशस्त खानेकुराहरूको लागि साँचो धन्यवाद दिन सक्छौं । हामीले दुष्टतालाई महसूस गरेपछि मात्रै भलाइको मूल्यलाई बुझ्न सक्छौं र अन्धकारलाई देखेपछि मात्रै ज्योति कति मूल्यवान् छ भनी हामी जान्न सक्छौं । दरिद्रताको ज्ञान नभएसम्म धनको निम्ति धन्यवादी हुन सकिँदैन । घृणा विना प्रेम कति असल छ भनी थाहा पाउन सकिँदैन ।

आदम दुःखको प्रभाव नरहेको अदनको बगैंचामा रहनुभयो । उहाँमा आफूले आनन्द लिइरहेको खुशीको मूल्य महसूस गर्ने क्षमता थिएन । उहाँले कहिल्यै पनि मृत्युलाई महसूस नगर्नु भएकोले, "जुन दिन तैंले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस्" भन्ने परमेश्वरको वचनको साँचो अर्थलाई बुझ्न सक्नु भएन । परमेश्वरले आदमलाई औधी प्रेम गर्नुहुन्थ्यो त्यसकारण उहाँले आदमलाई सबै कुरा उपलब्ध गरी दिनुभयो । तर आदमले आफ्नो हृदयदेखि नै कृतज्ञता महसूस गर्नु भएन ।

तरैपनि, आदमको अनाज्ञाकारिता पछि, उहाँ अदनको बगैंचाबाट धपाइनु भयो र धेरै कष्टहरू अनुभव गर्नुभयो । उहाँले भोक, थकाइ, जाडो महसूस गर्नु भयो र पापको कारणले गर्दा आएको वियोग, दुःख र कष्टलाई अनुभव गर्नु भयो । यसो गर्नाले, अन्ततः अदनको बगैंचामा हुँदा उहाँ कति खुशी हुनुहुन्थ्यो भनी आदमले महसूस गर्न सक्नुभयो । यहाँ व्याख्या गरिएझैं, तुलनात्मक रूपले विपरित गुणहरूको अनुभव नगरी प्राणीहरूले सापेक्षता महसूस गर्न सक्दैनन् । त्यसकारण मानिसहरूले सापेक्षतालाई जान्न सकेका होऊन् भनी परमेश्वरले अदनको बगैंचामा असल र खराबको ज्ञान दिने रूख राखिदिनु भयो ।

हामी पनि भूमिको माटोबाट बनाइएको आदमका सन्तान हौं, त्यसकारण मानव सम्वर्द्धनको प्रक्रियाबाट गुज्रेपछि मात्रै स्वर्गीय जीवन कति असल छ भनी हामी महसूस गर्न सक्छौं । कुनै पाप र दुःख नभएको स्वर्गमा जिउनु कति सुखद कुरा हो भनी हामीले आफ्नो हृदय देखि नै महसूस गर्ने हुनाले, हामीलाई स्वर्ग दिनुभएकोमा परमेश्वरलाई धन्यवाद दिँदै हामी सदाको लागि आनन्द र खुशीमा जिउनेछौं ।

त्यसकारण, येशू ख्रीष्टलाई ग्रहण गर्ने र साँचो विश्वास अनि स्वर्गको आशामा जिउनेहरू यस पृथ्वीको जीवनको हरेक परिस्थितिहरूमा धन्यवादी र आनन्दित हुन्छन् (२ कोरिन्थी ४:१७-१८) । जब हामी हाम्रो पापको समस्याको समाधान गर्नुहुने परमेश्वरको प्रेमलाई याद गर्दछौं तब हामी स्वर्गको आशामा साँचो आनन्द प्राप्त गर्न सक्छौं ।

# "न्यूमथोरएक्स (फोक्सोको रोग) बाट निको भएपछि, मैले अझ बढी परमेश्वरको प्रशंसा गर्न थालेकी छु !"

सन् २००३ मा मेरो दाहिने करङ्ग चर्किएर मेरो फोक्सोमा क्षति पुगेको थियो । त्यसैले मेरो छातीमा एउटा नली राखिएको थियो । त्यसकारणले गर्दा मलाई रुघा लाग्दा वा ब्रोङ्काइटिस (श्वासनलीमा हुने सुजन) हुनासाथ औषधि उपचार गरिहाल्नुपथ्यो । म केवल शारीरिक रूपले मात्र विरामी थिइनँ तर एक सुख्खा जमीनझैँ आत्मिक रूपले दु:खी थिएँ । यसकारणले गर्दा म प्रख्यात पास्टरहरूका धेरै पुस्तकहरू पढ्थेँ र प्रार्थना गर्थें । तर, ती कुराहरूले क्षणिक रूपमा सकारात्मक प्रभाव ल्याएतापनि मेरो आत्मिक तिर्खा मेटिएन ।

सन् २०१० साल जनवरी महिनामा मैले मेरी भाउजू डिकनिस सुनोक लीको घरमा डा. जेरक लीको पुस्तक 'आत्मा, प्राण र शरीर' भेट्टाएर पढेँ । त्यस पुस्तकमा नयाँ यरुशलेम (प्रकाश २१:२), मानव सम्वर्द्धनको लागि परमेश्वरको योजना, र सम्पूर्ण आत्माको (१ थेसलोनिकी ५:२३) बारेमा उल्लेख गरिएको थियो जस बारे मैले पहिला कहिल्यै पनि सुनेकी थिइनँ । त्यसले मलाई चकित तुल्यायो । सन् २०१० साल जुन महिनामा मैले डा. लीले सेवकाइ गर्नुहुने मानमिन केन्द्रिय चर्चमा दर्ता गरेँ र नयाँ तवरले इसाई जीवन जिउन थालेँ ।

सुसमाचारीय गीतहरू गाउने व्यक्ति भएकोले म चर्चको कला प्रस्तुति समितिमा आवद्ध भएर गाउन थालेँ । तर मलाई एउटा समस्या थियो । आराधना सेवाको बेलामा मैले नियमित रूपमा प्रस्तुत गर्ने विशेष गीतको लागि तयारी गर्दा मलाई रुघाखोकी वा श्वासप्रश्वाससम्बन्धी रोगले सताउँथ्यो । यसले गर्दा मेरो स्वर बिग्रिएर म औषधिहरूमा भर पर्नुपर्थ्यो । यस्तो अवस्था घरिघरि दोहोरिदाँ मलाई लज्जित महसूस भयो किनकि परमेश्वरको शक्ति प्रकट हुने चर्चमा मैले विश्वास देखाउन सकिरहेकी थिइनँ ।

मैले यो परीक्षालाई पार गर्ने निधो गरेँ । यो त्यतिखेरको कुरा हो जब म सन् २०१३ साल डिसेम्बर ६ तारिखको दिन प्रस्तुत गरिने विशेष प्रस्तुतिको तयारी गर्दैथिएँ । मलाई रुघा लागेर खोकी शुरू भयो र खकार आउन थाल्यो अनि झनै खराब लक्षणहरू देखा पर्न थाले । त्यो दिन नजिकिदाँ, मेरो खोकीमा रगत आउन थाल्यो र यसरी छाती दुख्न थाल्यो कि मानौं कुनै तरवारले मेरो छाती छेडिएको छ । तर म अस्पताल गइनँ किनकि मैले विश्वासद्वारा निको हुने निर्णय गरेकी थिएँ । मैले मानमिन प्रार्थना केन्द्रको अध्यक्ष श्रीमती बुकनिम ली र कला प्रस्तुति समितिको सभापति पास्टर हिजन लीको प्रार्थना ग्रहण गरेँ । त्यसपछि मैले त्यो विशेष गीत सुरक्षित साथ प्रस्तुत गर्न सकेँ ।




डिकनिस सुन्वो ली
(वर्ष ४९, १-२ प्यारिश, दक्षिण कोरिया)

विश्वासद्वारा पूर्ण रूपले त्यो समस्याबाट निको हुनका लागि, मैले अस्पतालमा गएर जाँच गराएँ । छातीको सिटी स्क्यानले मेरो दाहिने फोक्सो खराब छ र मलाई बारम्बार न्यूमथोरएक्स (फोक्सो र फोक्सोलाई ढाक्ने जालोको बीचमा असामान्य तवरले हावा वा ग्याँस भरिएर सामान्य श्वासप्रश्वासमा वाधा पुग्नु) भइरहन्छ भन्ने देखायो । त्यसपछि, मैले आफ्नो अतीतलाई फर्केर हेरेँ र डा. जेरक ली पहाडको प्रार्थनाबाट फर्केर नआउनुभएसम्म आफ्ना कमजोरीहरूको निम्ति पश्चात्ताप गरेँ ।

आराधना सेवामा विशेष गीत प्रस्तुत गरेर चर्चका सदस्यहरूबाट मान्यता पाउने चाहना र आफूलाई उचाल्ने चाहना राखेकोमा मैले पश्चात्ताप गरेँ । त्यसपछि चङ्गाइको निम्ति उहाँको प्रार्थना ग्रहण गर्नलाई मैले आफूलाई तयार पारेँ । सन् २०१३, डिसेम्बर २९ तारिखका दिन मैले हार्दिक हृदयका साथ उहाँको प्रार्थना ग्रहण गरेँ । तुरुन्तै मेरो खोकी बन्द भयो र खकार आउन पनि कम भयो । भोलिपल्टसम्ममा ती सबै कुराहरू निको भए । म अत्यन्तै खुशी भएँ ।

मलाई आफू निको भएको निश्चयता भयो त्यसैले मैले सन् २०१४ जनवरी १५ तारिखको दिन पुन: सबै जाँचहरू गराएँ । मेरो चिकित्सकले मलाई यसो भनेर खुशीको खबर सुनाउनुभयो, "न्यूमथोरएक्स हराएको छ । अब तपाईंको फोक्सो सफा र स्वस्थ्य भएको छ ।" हल्लेलूयाह !

म सबै धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु जसले मलाई गम्भीर फोक्सोको रोगबाट निको पार्नुभयो र मलाई स्वस्थ्य शरीरका साथ परमेश्वरको प्रशंसा गर्न दिनुभएको छ ।




▲ प्रार्थना अघि (डिसेम्बर ९, २०१३): दाहिने फोक्सोमा भएको न्यूमथोरएक्स (पहेँलो शरचिन्ह)
▲▲ प्रार्थना पछि (जनवरी १५, २०१४): न्यूमथोरएक्स नभएको सामान्य अवस्था

भाइ राजेन्द्र प्रसाद विष्ट,
मलेशिया

# "मैले वचनलाई सञ्चित गरेपछि मेरो मोबाइलमा असाधारण घटना भयो !"



म नेपालको एक हिन्दु परिवारमा जन्मिएर मूर्तिपूजा गर्ने परिवारमा हुर्किएको हुँ । तर परमेश्वरको अनुग्रहमा मैले प्रभुलाई ग्रहण गरेँ । अहिले म खुशीसाथ जीवन जिइरहेको छु ।

सन् २०१३, सेप्टेम्बर महिनामा, मलेशिया जाने प्रवेशाज्ञा लिनको लागि म नेपालको राजधानी काठमाण्डौं शहरमा गएँ । म मेरी माइजूकहाँ करिब एक महिना जति बसेँ । उहाँ मानमिन मिशन सेन्टर, नेपाल (पास्टर ग्रेस ली) मा कार्यरत हुनुहुन्छ ।

सियोलको मानमिन केन्द्रिय चर्चको सिनियर पास्टर डा. जेरक ली सात वर्षसम्म विभिन्न रोगहरूबाट ग्रसित हुनुहुन्थ्यो र परमेश्वरलाई भेट्नुभएपछि ती सबैबाट चङ्गाइ प्राप्त गर्नुभयो भनी उहाँले गवाही दिनु भयो । यो सुनेर मैले विचार गरेँ कि परमेश्वर साँच्चै जीवित हुनुहुन्छ । त्यसपछि, मैले बाइबल पढ्न थालेँ र नेपालमा रहेको मानमिन मिशन केन्द्रमा जान थालेँ । त्यहाँ मैले वचनहरू सुन्न र प्रार्थना गर्न थालेँ ।

मलेशिया जानुभन्दा अघि, मैले मेरो मोबाइलमा डा. लीका ८० भन्दा बढी वचनहरूको श्रृंखला संकलित गरेको थिएँ । मलेशियामा पहिलो हप्ताको प्रत्येक दिन म पाँचवटा वचनहरू सुन्ने गर्दथेँ र दिनहुँ एक घण्टाभन्दा बढी प्रार्थना गर्दथेँ । त्यसपछि मैले हिरो सुपर मार्केटमा काम पाएँ । धन्यवादी हृदयका साथ सर्वप्रथम मैले आफ्नो आम्दानीबाट दशांश छुट्याएँ ।

करिब एक महिनापछि मैले एउटा उदेकको कुरा अनुभव गरेँ । येशू क्रूसमा झुण्डिनुभएको तस्वीर मेरो मोबाइलको स्क्रिनमा दुइ पटक सम्म देखा पऱ्यो । तस्वीरको साथमा, पाँच मिनेट लामो प्रार्थना र त्यसपछि प्रशंसाका गीतहरु पनि आए । मैले पछि थाहा पाएँ कि त्यो पाँच मिनेट लामो प्रार्थना डा. जेरक लीको थियो । मेरो मोबाइलमा येशू क्रूसमा झुण्डिनु भएको कुनै पनि तस्वीर थिएन, म छक्क परेँ ।

मलाई यस्तो घटना अनुभव गर्न दिनुहुने परमेश्वरको प्रेमलाई सम्झेर म धेरै धन्यवादी भएँ । मेरो मोबाइल फोनमा मैले वचनहरू सुन्ने गरेको छु र परमेश्वर अनि प्रभुको प्रेम अलिअलि गर्दै महसूस गरिरहेको छु । डा. लीले मलाई अरूको बारेमा विचार गर्न र अरूलाई भलाइका साथ व्यवहार गर्न सिकाउनु भएझैं मैले विश्वासयोग्य भई काम गर्न र भलाइ गर्न प्रयत्न गरेँ । त्यसले गर्दा मेरो कार्यक्षेत्रमा मैले मान्यता प्राप्त गरेँ अनि नतिजा स्वरूप मेरो तलब वृद्धि भयो । हल्लेलूयाह !

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन् ।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड १५२-८४८)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन